का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० साउन २०८२,
शनिबार
26 July, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १७४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# राजनीतिक मैदानमा विद्या

## सदस्यता रोक्ने एमालेको निर्णयमा रुष्ट

*'व्यक्तिगत आवेग र उत्तेजनाका भरमा गरिएको मेरो सदस्यता निष्क्रिय गर्ने निर्णय अवैध र अपरिपक्व छ, यस्तो निर्णयले सत्यलाई अस्थायीरूपमा भ्रमित तुल्याउन सकिएता पनि वास्तविकतालाई सधैं छोप्न सकिँदैन ।'*



विद्यादेवी भण्डारीका बारेमा यति महत्वपूर्ण निर्णय लिनुअघि अध्यक्ष केपी शर्मा ओलीले बैठकमा सल्लाह गर्नुपर्थ्यो । अब यो विषयमा विधान अधिवेशनमै बहस हुन्छ ।

**विनोद ढकाल**
**नेता, नेकपा एमाले**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं,९ साउन ।

१४ असारबाट औपचारिकरूपमा नेकपा एमालेको पार्टी राजनीतिमा फर्किएको घोषणा गरेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी शुक्रबारबाट राजनीतिको खुला मैदानमा ओर्लिएकी छन्। उनको राजनीतिक आगमनलाई रोक्ने प्रयास स्वरूप एमालेले सदस्याता नवीकरणलाई निष्क्रिय गरेपछि आक्रोशित भण्डारीले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन नै गरेर आफ्नो निर्णयबाट पछि नहट्ने उद्घोष गरेकी छन् ।

भण्डारी आफ्नो पूर्वराष्ट्रपतिको सम्मानसमेत झिकेर एमाले पूर्वउपाध्यक्ष नै भएको घोषणासहित खुला राजनीतिमा आएकी हुन् । तर उनले एक वर्षअघि नवीकरण गरेको सदस्यता निष्क्रिय भएको पार्टी केन्द्रीय समिटीको बैठकले निर्णय गरिसकेको छ। उक्त निर्णय अवैध र अपरिपक्व भएको टिप्पणी गर्दै उनले पार्टी अध्यक्ष केपी शर्मा ओलीप्रति असन्तुष्टि जनाइन् ।

पार्टी अध्यक्षसँगको औपचारिक भेटमा पार्टी सदस्यता विधिवतरूपमा नवीकरण गरेको जानकारी गराएपनि भोलिपल्ट पार्टी बैठकले सदस्यता निष्क्रिय गराएको निर्णय सुन्दा आफूलाई अचम्म लागेको उनको भनाइ छ ।

उनको यो उद्घोषले नेपाली राजनीतिमा थप तरंग उत्पन्न भएको छ । एमाले राजनीतिमा प्रवेश नपाउने भएपनि उनले विकल्पसहितको राजनीतिक सोच बनाएको हुनसक्ने राजनीतिक विश्लेषकहरू बताउँछन् ।

तथापि, पत्रकार सम्मेलन गरेर भण्डारीले आफू एमालेमै रहेको र आफूउपरको निर्णय विधान महाधिवेशनले गर्ने भनेर पार्टीभित्रै रहेर अन्तरसंघर्ष गर्ने प्रष्ट संकेत गरेकी छन् ।

भण्डारी पार्टीलाई बलियो र मजबुत बनाउने अभियानको सशक्त अभियन्ता भएको दाबी गर्दै एमाले नेता विनोद ढकालले उनको सदस्याता सम्बन्धी निर्णय राजनीतिक अपराध भएको बताए । यो विषयलाई विधान अधिवेशनमा बहस हुने ढकालको भनाई छ ।

'राष्ट्रपति भइसकेको, दुई कार्यकाल उपाध्यक्ष भइसकेको, मदन भण्डारीको लिगेसी परिवारको मान्छेप्रति गरिएको यो निर्णयले एमाले कार्यकर्तामाथि पीडा दिएको छ', भण्डारीको पत्रकार सम्मलेनमा हर्ताकर्ता भएर देखिएका ढकालले मध्यान्हसँग भने-'पार्टी अध्यक्षले रातारात निर्णय सुनाउनुले पार्टीको आन्तरिक जीवनलाई नराम्रो प्रभाव पारेको छ। विद्या भण्डारीको बारेमा यति पृष्ठ २ मा

## सम्पत्ति विवरण बुझाऔं

- सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,
- राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,
- प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफ कार्यरत कार्यालयमार्फत सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनु पर्छ,
- करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनु पर्छ,
- सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित व्यक्तिको हो,
- समयमा सम्पति विवरण नबुझाउनेलाई कानून बमोजिम जरिवाना हुन्छ ।

*"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'रेडजोन'मा मधेशका ५ जिल्ला



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन ।

बढी धान उत्पादनको राजा मानिएका तराई मधेशका जिल्लाहरूमा नै खेती कम भएको र बेर्नासित सुक्न थालेकालेपछि सिंगो मधेश प्रदेशको अवस्था भयावह हुन पुगेको छ । कृषि विकास निर्देशनालयले प्रदेशका आठवटै जिल्लामा गरेको अध्ययनले मधेश प्रदेशका सप्तरी, सिरहा, महोत्तरी, धनुषा र सर्लाहीलाई 'रेडजोन'मा राख्दै तत्काल सिँचाइको व्यवस्था नगरे अवस्था भयावह हुने निश्कर्ष निकालेको हो ।

'बढी धान उत्पादन हुने जिल्लाहरूमा नै खेती कम भएको र भएको बेर्ना पनि सुक्न थालेकाले मधेसमा भयावह अवस्थामा छ', निर्देशनालयका प्रमुख जितेन्द्र यादवले भने । कृषि विकास निर्देशनालयले यही २६ गतेदेखि दुईवटा टोलीमार्फत एक साता लगाएर प्रदेशका ८ वटै जिल्लामा अध्ययन गरेर प्रतिवेदन सार्वजनीक गरेको उनले बताए ।

'अबको २० दिनभित्र रेडजोनमा रहेका जिल्लाहरूमा सतह सिँचाइको व्यवस्था गरिएन भने मुलुकमा खाद्य सङ्कट हुने निश्चित जस्तै छ,' यादवले भने 'गम्भीरतापूर्वक लागिएन भने भएको खेती र बेर्ना सबै सुकेर जान्छ। अनि धान उत्पादन ह्वात्तै घट्नेछ ।'

प्रदेशमा देखिएको जलसंकटले कृषि र मानिसको दैनिकीमा समेत प्रत्यक्ष असर पारेको छ। चापाकल सुकेर खानेपानीको हाहाकार भएको छ भने आकाशे पानी नपर्दा कृषि क्षेत्र पूरै प्रभावित बनेको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अध्ययन टोलीले अबको २० दिनभित्र रेडजोनका पाँच जिल्लामा स्यालो ट्युबवेल र डीप बोरिङको व्यवस्था गर्न सुझाव दिएको छ । प्रतिवेदनमा भनिएको छ -'तत्काल यी दुईवटाको व्यवस्था गरियो भने धान रोपाइँको प्रतिशत ५० पुग्नेछ, अनि खेतमा लगाइएको बेर्ना र



अबको २० दिनभित्र रेडजोनमा रहेका जिल्लाहरूमा सतह सिँचाइको व्यवस्था गरिएन भने मुलुकमा खाद्य संकट हुने निश्चित जस्तै छ, यसमा गम्भीरतापूर्वक लागिएन भने भएको खेती र बेर्ना सबै सुकेर जान्छ

**जितेन्द्र यादव**
**कृषि विकास निर्देशनालय प्रमुख**

रोपिएको धान पनि जोगाउन सकिन्छ ।'

प्रदेश र स्थानीय सरकारले डीप बोरिङ तथा ट्याङ्करबाट पानी वितरण गरेर पर्सा र सप्तरीमा खानेपानीको समस्या केही हदसम्म समाधान गरेका छन् । यद्यपि, यो दीर्घकालीन समाधान होइन, तर कृषि क्षेत्र भने पूरै ध्वस्त बनेको प्रतिवेदनले औँल्याएको छ। दीर्घकालीन रूपमा भने नहर र खोलाबाट सतह सिँचाइको व्यवस्था गर्न र 'वाटर रिचार्ज' मा ध्यान दिनुपर्ने सुझाव पेश भएको निर्देशनालयले जनाएको छ ।

जलसंकट बढेपछि तीनै तहका सरकारले गम्भीरतापूर्वक चासो देखाएका बताएका छन् । प्रदेश सरकारले मधेसलाई २६ असारमा सुक्खाग्रस्त क्षेत्र र सङ्घीय सरकारले साउन ७ मा ३ महिनाका लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गरेका छन् । यसले दातृ निकाय तथा सरकारी कार्यालयहरूलाई प्याकेजमा काम गर्न सजिलो भएको मधेस सरकारको बुझाई छ ।

प्रदेश सरकारले तत्कालका लागि रेडबुकमा रहेका खानेपानीसम्बन्धी योजनाहरू हरेक जिल्लामा खर्च गर्न पृष्ठ २ मा

# कानुन आयोगले खोज्यो थप भूमिका

*प्रदेश र स्थानीय तहका कानुन संघीय कानुनसँग असंगत देखिएको, प्रदेश-प्रदेशको कानुनमा एकरुपता नभएको, कतिपय कानुनहरु कानुनको ढाँचामा नभएको आयोगको टिप्पणी छ ।*

प्रदेश र स्थानीय तहका कानुनको मस्यौदा गर्दा समेत नेपाल कानुन आयोगलाई संलग्न गराउनु पर्ने आवश्यकता देखिएको छ ।

**वार्षिक प्रतिवेदन**
**नेपाल कानुन आयोग**



*कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियासमक्ष वार्षिक प्रतिवेदन पेश गर्दै नेपाल कानुन आयोगका पदाधिकारीहरु ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

नेपाल कानुन आयोगले थप भूमिका खोजेको छ । संघीय सरकारलाई ऐन निर्माणमा सघाउँदै आएको आयोगले प्रदेश र स्थानीय तहको कानुन निर्माणमा समेत आफ्नो भूमिका खोजेको हो । आयोगले वार्षिक प्रतिवेदनमार्फत प्रदेश र स्थानीय तहको कानुन निर्माणमा नेपाल कानुन आयोगको संलग्नता खोजेको हो ।

'प्रदेश र स्थानीय तहको कानुनको मस्यौदा तर्जुमा गर्दा नेपाल कानून आयोगलाई संलग्न गराउने' नेपाल कानुन आयोगको भूमिका प्रभावकारी बनाउने उपाय सम्बन्धी प्रवितेदन सुझावखण्डमा उल्लेख छ ।

प्रदेश र स्थानीय तहका कतिपय कानुन संघीय कानुनसँग असंगत देखिएको, प्रदेश-प्रदेशको कानुनमा एकरूपता नभएको, कतिपय कानुनहरू कानुनको ढाँचामा नभएको आयोगको टिप्पणी छ ।

थप भूमिका खोज्नुको कारणमा आयोगले भनेको छ, 'प्रदेश र स्थानीय तहका कतिपय कानुन संघीय कानूनसँग असंगत देखिएको, प्रदेश-प्रदेशको कानूनमा एकरूपता नभएको, कतिपय कानूनहरू कानूनको ढाँचामा नभएको, प्रदेश र स्थानीय तहका प्रत्यायोजित विधायनहरू प्रत्यायोजित विधायनको सिद्धान्त अनुरूप नभएकोले ।'

प्रदेश र स्थानीय तहका प्रत्यायोजित विधायनहरू प्रत्यायोजित विधायनको सिद्धान्त अनुरूप नभएको आधार देखाएर आयोगले प्रदेश र स्थानीय तहको कानुन तर्जुमा गर्दा कमजोरीहरू हुन नदिन प्रदेश र स्थानीय तहका कानुनको मस्यौदा गर्दा नै नेपाल कानुन आयोगलाई संलग्न गराउनु पर्ने आवश्यकता औंल्याएको हो ।

प्रचलित ऐनअनुसार नेपाल कानुन आयोगको काम 'कानुन पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नेपालीको श्रम गन्तव्य परिवर्तनबारे मलेसियामा चासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन ।

पछिल्ला वर्षहरूमा नेपाली कामदारको श्रम गन्तव्यमा भएको परिवर्तनका समाचारलाई मलेसियाका सञ्चारमाध्यमहरूले चासो दिएका छन् । हालैका वर्षहरूमा जापान र पूर्वी युरोपेली देशहरू विदेशमा रोजगारी खोज्ने नेपालीहरूका लागि नयाँ आकर्षक गन्तव्यहरूको रूपमा देखा परेकोसम्बन्धी चिनियाँ सरकारी संस्था सिन्ह्वाको समाचारलाई मलेसियाली सञ्चारमाध्यमहरूले चासोपूर्वक सम्प्रेषण गरेका छन् ।

मलेसियामा नेपाली कामदार इन्डोनेसियालीपछि दोस्रो ठूलो समूह मानिन्छ । मलेसियामा हाल ४ लाख नेपाली कामदारहरू कार्यरत छन् । कोरोना महामारीअघि उक्त संख्या करिब ७ लाख हाराहारीमा थियो । अधिकांश उत्पादन क्षेत्रमा काम गर्ने नेपाली कामदारहरूमध्ये केही सेवा, कृषि, निर्माण र अन्य क्षेत्रमा काम गर्छन् । करार अवधि सकिनासाथ घर फर्किने नेपाली मलेसियामा अनुशासित र मिहिनेती विदेशी मानिन्छन् ।

छिमेकी भारत नेपालीहरूका लागि परम्परागत ठूलो श्रम गन्तव्य रहँदै आएकोमा त्यसमा परिवर्तन भएर पछिल्ला दुई दशकमा खाडी राष्ट्रहरू र मलेसिया नेपाली आप्रवासी कामदारहरूका लागि प्रमुख गन्तव्य बनेको थियो । तर हाल ती गन्तव्यहरू समेत परिवर्तन भएर जापान र पूर्वी युरोपेली मुलुक नेपालीका मुख्य गन्तव्य हुन थालेको मलेसियाको दि स्टारले उल्लेख गरेको छ।

'जापान र केही पूर्वी युरोपेली देशहरूमा रोजगारीका लागि जाने नेपालीहरूको संख्या द्रुत गतिमा बढ्दै जाँदा यो प्रवृत्ति अब परिवर्तन हुँदै गएको देखिएको छ,' नेपाल राष्ट्र बैंकको एक प्रतिवेदन उल्लेख गर्दै समाचारमा भनिएको छ ।

समाचारमा २०२४ को जुलाईको मध्यमा सुरु भएको चालु आर्थिक वर्ष पृष्ठ २ मा

## कुवेत घटनाबारे कडा अनुसन्धान गर्न गृहमन्त्रीको निर्देशन

**काठमाडौं/रासस–** भारतको राजधानी नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट भिजिट भिसामा कुवेत जान लागेका ४७ जना नेपाली महिलाहरूलाई नेपाल फर्काइएको विषय अनुसन्धानको दायरमा आएको छ ।

दिल्ली विमानस्थलबाट एनओसीबिना कुवेत जान लागेका महिलाहरूलाई दिल्लीस्थित नेपाली दूतावाससितको समन्वयमा नियन्त्रणमा लिइ स्थलमार्ग हुँदै बिहीबार राति रूपन्देही पुऱ्याइएको छ ।

दिल्लीस्थित नेपाली दूतावासमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक प्रकाश मल्लसहित दूतावासका कर्मचारीको टिमले महिलाहरूलाई सुनौली नाका हुँदै रूपन्देही पुऱ्याएर प्रशासनको जिम्मा लगाएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिए ।

गृहमन्त्री रमेश लेखकले पक्राउ परेका महिलाहरूको विषयमा कडा अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएका छन् । उक्त विषयमा गृहमन्त्री लेखकले मानव बेचबिखन ब्युरोलाई आवश्यक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन निर्देशन पृष्ठ २ मा

# बागमती संसदीय दलका नेता लामाविरुद्ध अविश्वासको प्रस्ताव दर्ता

**मकवानपुर/मस–** बागमती प्रदेश सरकारका मुख्यमन्त्री एवं नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका नेता बहादुरसिंह लामाविरुद्ध सो पार्टीका बहुमत सदस्यले अविश्वासको प्रस्ताव दर्ता गरेका छन् ।

बागमती प्रदेशसभामा कांग्रेस सबैभन्दा ठूलो दल हो । यस प्रदेशसभामा कांग्रेसका ३७ जना सदस्यमध्ये २१ जनाले दलका नेता लामाविरुद्ध दलको कार्यालयमा अविश्वासको प्रस्ताव दर्ता गरेको कांग्रेस बागमती प्रदेश अध्यक्ष



तथा प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले जानकारी दिए ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष बानियाँले मुख्यमन्त्री लामा नेतृत्वको सरकारले एक वर्षको समयमा कुनै ठोस काम गर्न नसकेको, विकास निर्माणका काम प्रभावकारी नभएको, आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणमा गठबन्धन दलहरू र प्रतिपक्षी दलहरूसमेत असन्तुष्ट रहेका कारण उहाँविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरिएको जानकारी दिए ।

### कांग्रेसका चार मन्त्रीद्वारा राजीनामा

यसैबीच मुख्यमन्त्री लामा नेतृत्वको सरकारमा सहभागी कांग्रेसका चार जना मन्त्रीले राजीनामा दिएको आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने जानकारी दिए। उनका अनुसार आफूसहित संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी, सहकारी तथा गरिबी निवारणमन्त्री मदकुमार श्रेष्ठ र युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले मुख्यमन्त्री लामासमक्ष राजीनामा दिएका हुन् ।

# पत्रकारमाथिको आक्रमणप्रति ध्यानाकर्षण

काठमाडौं/मस-रौतहटमा कार्यरत पत्रकार राजकुमार यादवमाथि समाचार संकलनका क्रममा भएको कुटपिटप्रति नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, महासंघको एसोसिएट प्रदेश समिति तथा नेपाल पत्रकार मञ्चले गम्भीर ध्यानाकर्षण जनाउँदै घटनाको कडा भर्त्सना गरेका छन् ।

बिहीबार मौलापुर नगरपालिका-५, सोनरनियामा विकास निर्माणसम्बन्धी अनुसन्धान गर्न गएका पत्रकार यादवमाथि पूर्वमन्त्रीका छोरा विवेक साह, रञ्जित साह, अञ्जित साह तथा अञ्जित साहका छोराले सामूहिक आक्रमण गरेका थिए । घटनामा यादव घाइते भएका छन् ।



नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्तिमा सञ्चारकर्मीमाथिको आक्रमणलाई प्रेस स्वतन्त्रतामाथिको गम्भीर ज्यादतीको रूपमा उल्लेख गर्दै दोषीहरूलाई कानुनी दायरामा ल्याउन माग गरिएको छ। विज्ञप्तिमा पत्रकारको सुरक्षामा राज्यले विशेष चासो दिनुपर्ने समेत औंल्याइएको छ ।

त्यस्तै, नेपाल पत्रकार महासंघको एसोसिएट प्रदेश समितिले जारी गरेको विज्ञप्तिमा घटनालाई लोकतान्त्रिक मूल्य र स्वतन्त्र प्रेसमाथिको खुला हमला भन्दै गम्भीर भर्त्सना गरिएको छ । समितिले पत्रकार यादवको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनको उपचारको उचित व्यवस्थाको माग पनि गरेको छ । नेपाल पत्रकार मञ्चले जारी गरेको विज्ञप्तिमा आक्रमण पूर्वनियोजित भएको आशंका व्यक्त गर्दै घटनाको पृष्ठभूमिमा रहेका कारणहरूबारे पनि औंल्याइएको छ ।

**राजनीतिक...**

महत्वपूर्ण निर्णय लिनुअघि अध्यक्ष कमरेडले कम्तिमा केन्द्रीय कमिटीको बैठकमा सल्लाह गर्नुपर्थ्यो । यो विषयलाई विधान अधिवेशनमा बहस हुन्छ ।'

पार्टीको बैठकले आफ्ना सदस्यता सम्बन्धि गरेको निर्णय अवैध र अपरिपक्व भएको भण्डारीको दाबी छ । पूर्वराष्ट्रपति समेत रहेकी एमाले नेता भण्डारीले कुनै व्यक्तिको आवेग र उत्तेजनाका भरमा गरिएको भन्दै उक्त निर्णयको वैधानिकतामाथी प्रश्न उठाएकी हुन् । 'नेपालको संविधान, ऐन कानुन र पार्टीको लोकतान्त्रिक मूल्यमान्यता समेतलाई नजरअन्दाज गरेर राजनीतिमा संलग्न हुन पाउने मेरो संवैधानिक अधिकार र स्वतन्त्रतालाई सङ्कुचन वा नियन्त्रण हुने गरी गरिएका अपरिपक्व निर्णयले मलाई दुःखित तुल्याएको छ', उनले भनेकी छन–'यस प्रकारका निर्णयले पार्टीको साख र प्रतिष्ठालाई गिराउनेछ । आवेग र उत्तेजनाका भरमा गरिएका यस्ता निर्णयले सत्यलाई अस्थायी रूपमा भ्रमित तुल्याउन सकिएता पनि वास्तविकतालाई सधैं छोप्न सकिँदैन ।' भण्डारीले १४ असारमा जननेता मदन भण्डारीको ७४औं जन्मजयन्तीको अवसर पारेर एमालेको सदस्यता नवीकरण गरेको सार्वजनिक गरी पार्टी परिवारको सदस्य भएर राजनीतिमा क्रियाशील हुने सङ्कल्प गरेकी थिइन् । सोही दिन प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले भण्डारीको पूरा कार्यक्रममा नवसी आफ्ना कुरा राखेर हिडेका थिए । ओलीले आफ्नो भनाइ राख्नेक्रममा जननेता मदन भण्डारीप्रति अपमान गर्ने अभिव्यक्ति दिएका थिए ।

भण्डारीको ७४औं जन्मजयन्तीका अवसरमा गरिएको कार्यक्रमका प्रमुख अतिथि ओलीले उनले भनेका थिए–'मदन भण्डारीलाई कतिले सहकारी गठ भने, कतिपयले ४ वर्टी श्रीमति ल्याएको भनेर हुँदै नभएको आरोप लगाएका थिए । हामीले त्यसको प्रतिवाद गर्‍यौं र उहाँलाई पार्टीको महासचिव हामीले नै बनाएका थियौं ।' यस्तो अभिव्यक्ति दिएर पूरा कार्यक्रममा नबसी निस्केका ओलीले त्यसै दिनबाट विद्याप्रति नकारात्मक भाव प्रकट गर्न थालेको संकेत गरेका थिए ।

त्यसयता उनी आफैले र पार्टी महासचिव शंकर पोखरेललाई प्रयोग गरेर विद्यामाथि राजनीतिक हमला गरिनै रहेका थिए । अन्ततः ओलीकै डिजाइन अनुसार पार्टी केन्द्रीय कमिटी बैठकले भण्डारीको सदस्यात निश्क्रिय गर्नेसहित पार्टी विधानमा भएको नेतृत्वको २ कार्यकाल र ७० वर्षे उमेर हदको व्यवस्था समेत खारेज गरिदिएको छ । उक्त निर्णयप्रति भण्डारी पक्षका नेताहरू सन्तुष्ट छैनन् । पार्टीको सचिवालय, पोलिटव्यूरो र केन्द्रीय कमिटीबाट निर्णय गरेर सदस्याता खारेज गरेपनि उनले आफ्नो सदस्यता कसैले खान नसक्ने दाबी पत्रकार सम्मेलन मार्फत पेश गरेकी छन् ।

बृहत छलफल गरिकन विवेकसम्मत ढङ्गले निर्णय लिनु पर्छ भन्ने जबजको पार्टी निर्माणसम्बन्धी अवधारणाको मर्म विपरित पार्टीका केही व्यक्तिहरूले आफ्नो सदस्यता खारेज गर्नु लोकतान्त्री मर्म र जबजको सिद्धान्त विपरित रहेको भण्डारीले बताइन् । 'पार्टी निर्माणसम्बन्धी जनवादी केन्द्रीयताको वैज्ञानिक सिद्धान्त प्रतिकूल हुनेगरी गरिएको निर्णय वैध र परिपक्व हुनै सक्दैन', उनले भनेकी छन्–'मेरो ४५ वर्ष परानो सदस्यता कसैले खान सक्छ जस्तो मलाई लाग्दैन ।'

नेता विद्या भण्डारीको यो भनाइले एमालेको निर्णयलाई खारेज गरेको संकेत गरेको छ । तर एमालेले उनको पछिल्ला गतिविधिलाई निगरानीमा राख्दै आएको छ । शुक्रबार विद्याले गरेको पत्रकार सम्मेलनमा पार्टी नेतृत्वले केन्द्रीय कमिटीसहित जिल्ला तथा प्रदेश कमिटीका नेता कार्यकर्तालाई सहभागी नहुन निर्देशन गरेको थियो । उक्त कार्यक्रममा गए कारबाही गर्ने नेतृत्व खवरदारी गरेपनि भण्डारीको पत्रकार सम्मेलनमा एमाले केन्द्रीय कमिटीका नेताहहरू खासै नआएका भण्डारी पक्षका नेताहरूले बताएका छन् । उनले जारी गरेको विज्ञप्तिमै पूर्वराष्ट्रपति नलेखी पूर्वउपाध्यक्ष लेखेकी छन् । सक्रिय राजनीतिमा प्रवेश गरिसकेकाले आफ्नो निर्णबाट पछि नहट्ने बताएपनि पार्टी सदस्याता सम्बन्धि उत्पन्न पछिल्लो परिस्थितिका सवालमा आगामी राजनीतिक यात्रा कस्तो हुने भन्ने विस्तारै खुलाउँदै जाने बताएकी छन् ।

**कानुन...**

तर्जुमा र अध्ययन अनुसन्धानलाई प्रभावकारी बनाई कानुनी राज्य कायम गर्न सहयोग गर्ने' हो ।

'कानुनको परिमार्जन, पुनरावलोकन र सुधारका लागि नेपाल सरकारलाई सहयोग पुर्याउने, संविधान, कानुन र अन्तराष्ट्रिय कानुनका मान्य सिद्धान्त र अध्ययन अनुसन्धानका आधारमा कानुनको सरल र बोधगम्य मस्यौदा गर्ने' जिम्मेवारी यसले बहन गर्दै आएको छ । यो संघीय सरकारको हकमा लागु हुँदै आएको छ । मुलुक संघीय संरचनामा गएसँगै तीन वतै तहमा सरकार रहेका छन् । प्रदेश र स्थानीय तहले समेत कानुन बनाएर कार्यान्वयन गर्दै आएका छन् । प्रदेश र स्थानीय सरकार स्वायत्त ढंगले कानुन बनाएर कार्यान्वयनमा रहेका बेला संघीय सरकार अन्तर्गतको कानुन आयोगले आफ्नो भूमिका प्रदेश र स्थानीय तहमा समेत हुनुपर्ने भनेर थप भूमिका खोजेको हो । ऐनको मस्यौदा एकद्वार प्रणालीबाट गर्ने प्रावधानमा टेकेर पनि आयोगले भूमिका विस्तार खोजेको छ ।

नेपाल कानुन आयोग ऐन २०६३ को दफा १० को खण्ड (घ) ले नयाँ कानुन निर्माण गर्ने र आवश्यकताअनुसार प्रचलित कानुनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मस्यौदा नेपाल सरकार समक्ष पेश गर्ने जिम्मेवारी आयोगलाई सुम्पेको छ । त्यसैगरी ऐनको दफा २१ ले कानुन तर्जुमा सम्बन्धी कार्यमा आयोगलाई संलग्न गराउन सकिने व्यवस्था छ । नेपाल सरकारले पेस गर्ने अधिकांश सरकारी विधेयकहरू मस्यौदा गर्न नेपाल कानुन आयोगमा नपठाई सम्बन्धित मन्त्रालय आफैंले वा परामर्शदातामार्फत मस्यौदा गर्ने गरिएको समेत पाइन्छ। यसवाट कानुनको मस्यौदामा एकरूपता कायम हुन नसक्नुका साथै कानुन तर्जुमाको अनुभव नभएका व्यक्ति समेतबाट मस्यौदा गर्ने गरेको सन्दर्भमा समय तथा आर्थिक स्रोतको समेत सदुपयोग हुन नसक्ने भनेर आयोगले खबरदारी गरेको छ ।

नेपाल कानुन आयोग मार्फत मस्यौदा गर्दा अध्ययन, अनुसन्धान गरी विज्ञहरू र सरोकारवालाहरूको समेत संलग्नतामा मस्यौदा तयार हुने हुँदा कानुनमा एकरूपता कायम हुने, सरकारी स्रोतको उचित सदुपयोग हुने, कानुनहरूविच एक आपसमा दोहोरोपन नहुने र कार्यान्वयनमा सहजता हुने आयोगको विश्वास छ । वार्षिक व्रतिवेदनमा भनिएको छ, 'अतः अध्ययन, अनुसन्धान गरी मस्यौदा तयार गर्नुपर्ने नयाँ विधेयक मस्यौदा गर्दा नेपाल कानुन आयोगबाट गराउने गरी एकद्वार प्रणाली अवलम्बन गर्न उचित देखिन्छ ।'

**'रेडजोन'मा...**

निर्देशन दिएको छ', मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहले भने–'मैले हिजै सबै कार्यालयलाई आ-आफ्नो जिल्लामा रेडबुकमा भएका योजनाहरू खर्च गर्न र थप बजेट लगेर पनि काम गर्न निर्देशन दिइसकेको छु ।' मुख्यमन्त्री सिंहले प्रदेशका १ सय ३६ वटै पालिका र १ हजार २७१ वडालाई लाभ मिल्ने गरी कृषि प्याकेज ल्याउन संघीय सरकारसँग समन्वय भइरहेको बताए। 'डीप बोरिङ र स्यालो ट्युबवेलमार्फत तत्कालको समस्या समाधान गर्न सरकार केन्द्रित छ' उनले भनेका छन् ।

त्यस्तै संघीय खानेपानी मन्त्री प्रदीप यादवले तराई-मधेसमा विकराल समयमा पनि आफूसहित सिङ्गो मन्त्रालय र सबै सरोकारवालाको विषय भएको बताएका छन् । नागरिकका मौलिक अधिकारका रूपमा स्वच्छ र सुरक्षित खानेपानी सुनिश्चित गर्न अहोरात्र खटिएको जानकारी दिदै उनले आफूले नेतृत्व गरेको खानेपानी मन्त्रालयको विशेष पहलमा नेपाल सरकारको मन्त्रिपरिषद्बाट मधेस प्रदेशका आठ जिल्लालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको बताएका छन् ।

**नेपालीका...**

२०२४-२५ को पहिलो १० महिनामा कामका लागि जापान जान सरकारी अनुमतिपत्र प्राप्त गर्ने नेपालीहरूको संख्या लगभग दोब्बर वृद्धि भएर १५ हजार २४७ पुगेको समाचारमा उल्लेख छ । समाचारमा नेपाल र जापानले सन् २०१९ मा गरेको श्रम सम्झौताले औपचारिकरूपमा 'निर्दिष्ट र दक्ष' कामदारहरूलाई जापान जान बाटो खोलेको टिप्पणी छ। नेपालको वैदेशिक रोजगार विभागका निर्देशक उपेन्द्रराज पौडेलले सिन्त्वालाई भनेका छन्, 'जनसांख्यिकीय कारणले जापानलाई विदेशी कामदारको आवश्यकता छ र हामीसँग खाडी राष्ट्रहरू र मलेसियाको तुलनामा तुलनात्मकरूपमा बढी कमाइका लागि त्यहाँ जान चाहने धेरै इच्छुक कामदारहरू छन् ।'

नेपाल राष्ट्र बैंकका अनुसार पूर्वी युरोपेली मुलुक रोमानिया नेपाली कामदारका लागि विकशित भएको अर्को नयाँ गन्तव्य हो। सन् २०२४-२५ को पहिलो १० महिनामा १८ हजार ७११ नेपालीलाई त्यहाँ जान श्रम स्वीकृति दिइएको थियो । गत आर्थिक वर्षको सोही अवधिमा उक्त संख्या ८ हजार ८०२ थियो । 'मलेसिया, संयुक्त अरब इमिरेट्स (यूएई), साउदी अरेबिया र कतार नेपाली आप्रवासी कामदारहरूका लागि शीर्ष गन्तव्य रहेकोमा अब गन्तव्यहरू परिवर्तन हुन थालेका छन्,' समाचारमा भनिएको छ। समाचारमा उल्लेख भएझैं वैदेशिक रोजगार व्यवसायीले खाडी मुलुकबाट आउने डिमाण्डमा योग्यताअनुसारको जनशक्ति भेट्टाउन एक वर्षअघिको तुलनामा बढी मिहिनेत गर्नु परेको छ । तलब र सुविधाका अतिरिक्त बसाइँसराइका कारणले पनि पूर्वी युरोपेली मुलुकहरूलाई नेपालीले श्रम गन्तव्य बनाउने गरेको बताइएको छ।

**कुवेत...**

दिएको गृह मन्त्रालयले जनाएको छ । गृहमन्त्री लेखकले वैदेशिक रोजगारीमा अवैधरूपमा जाने विषयको गहन अनुसन्धान गर्न निर्देशन दिएका हुन् ।


Province Government
Ministry of Health
Koshi Province, Nepal
Health Directorate
**Madan Bhandari Hospital Tatha Trama Center**
Mangalbare, Urlabari, Morang
Date of publication: 10/04/2082

**सच्याइएको सूचना**

यस मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरले २०८२ साल श्रावण ०९ गतेआवहान गरेको औषधीको ठेक्का नं MBHTC/MORANG/GOODS/NCB(1S2E)-1/082-083 को सूचनाको बुँदा न १३ को विवरण निम्न बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**संसोधित बुँदा नं १३ को विवरण यस प्रकार रहेको छ ।**

The bidder must submit the bid for each item according to their preferred medicines and evaluation will be done on item wise basis and contract will be awarded based on least unit cost to the purchaser.

## जापानमा रोजगार

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८६ — LT. No.: 327755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स. काममा दक्ष | 165500 | १५५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८७ — LT. No.: 327756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumbing Works | 3 | 0 | स. काममा दक्ष | 154770 | १४५,४८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८८ — LT. No.: 327757

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Painting work | 2 | 0 | स. काममा दक्ष | 165500 | १५५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८९ — LT. No.: 327758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Bar Placer | 2 | 0 | स. काममा दक्ष | 185625 | १७४,४८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६९० — LT. No.: 327759

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | heat insulation worker | 2 | 0 | स. काममा दक्ष | 164150 | १५४,३०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६९२ — LT. No.: 327761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION EQUIPMENT | 3 | 0 | स. काममा दक्ष | 227500 | २१३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी : Teikei Cooperative Association — शहरः Japan
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६९१ — LT. No.: 327760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding | 3 | 0 | स. काममा दक्ष | 162500 | १५२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना बैदेशिक रोजगारीमा नजानुहोस् । बैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाइमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।
**नोटः जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रूपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.** — श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८४१५८२९५८, ९८१३३५६३८०, ९८६२६६०६६१, ९८५११३१०७२
E-mail: pangeni813@gmail.com, Website: www.pangenihr.com

## मलेसियामा रोजगार

कम्पनी : YUNG HENG POULTRY TRADING SDN.BHD — शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८३ — LT. No.: 327771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 22 | 0 | स. काममा दक्ष | 1700 | ५५,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.** — श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४ मो.: ९८१३३५६३८०
Email: pangeni813@gmail.com, Website: www.pangenihr.com

## युएईमा रोजगार

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८५ — L.T. No.: 327877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter/ construction carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile layer | 40 | 0 | | 1200 | ४५०७२ | | | | | | | |
| 3. | Labour | 30 | 0 | | 1000 | ३७,५६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**EAST WEST PLACEMENT CENTER, INC PVT. LTD.** — श्रम इजाजत नं. ४३७/०६०/६१
Neelsaraswotisthan, Lazimpat, Kathmandu, Ph. No.: 01 4540514. Mobile No: 9851076181

## कुवेतमा रोजगार

कम्पनीः TWINKLE SHINE CATERING SERVICES — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६८४ — LT. No.: 327806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANERS INDOOR (FEMALE) | 0 | 4 | स. काममा दक्ष | 85 | ३८,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

यस मेनपावर कार्यालयको माथि उल्लेखित विज्ञापन मिति २०८२/०३/३१ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित हुनुपर्नेमा प्राविधिक कारणले प्रकाशित गर्न छुटेकोले आज २०८२/०३/३२ गते प्रकाशित गरि सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपाटार, उदयपुर
## कोशी प्रदेश, नेपाल

**बाढी पहिरोबाट जोगिऔं, साथै भु-क्षय न्यूनिकरणका उपायहरू अपनाऔं ।**

- स्थानीय बासीले बर्खाको समय भएका कारण जथाभावी सडक निर्माण नगरौं ।
- यस्तो समयमा वन विनाशले पनि बाढीपहिरो निम्त्याउन सक्छ त्यसैले स्थानीय वरपर वन विनाश नगरौं ।
- आफ्नो वरपर वृक्षरोपणमा ध्यान दिऔं बाढीपहिरो गएमा सहयोगी भावना निर्माण गरौ बाढी पहिरो नियन्त्रण गरौं ।
- यदि बाढी पहिरोको जोखिम भएका स्थानीय ठाँउहरू भएमा त्यस्ता ठाउँ तथा क्षेत्रहरूका नदि किनारमा रूख बाँस निगालो हरू भु-क्षय रोक्ने किसीमका विरुवाहरू रोपौं सजग बनौं ।
- आफ्नो बस्ती तथा समुदायमा यस्तो आपद् विपद् आइपरे तुरुन्त आफ्नो जनप्रतिनिधिलाई खबर गरौ र सहयोग गरौं ।
- आफ्नो वालवालिका बृद्ध बा आमाहरूलाई यस्तो जोखिमको समयमा सकेसम्म आबश्यक काममा वाहेक वाहीर हिडडुल गर्न नलगाउँ सचेत बनौं ।
- स्थानीय गाउँघरमा नदि वा खोलामा बाढी आएको थाहा पाएमा नदिको लल्लो भागमा बस्ने समुदायहरूलाई सूचना दिऔ तथा जनप्रतिनिधीलाई खवर गरौं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं
- स्थानीय भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, नहर कुलो जस्ता विभिन्न संरचना बनाऔ । आफुपनि बाँचौ अरूलाई पनि बचाऔं ।

# कांग्रेस–एमाले गठबन्धन सरकार २०८४ को निर्वाचनसम्मै : प्रधानमन्त्री

**काठमाडौं / मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेस-एमाले गठबन्धन सरकार २०८४ को निर्वाचनसम्मै जाने बताएका छन् । शुक्रबार महोत्तरीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले अहिलेको सरकार नेकपा एमाले र नेपाली कांग्रेसको अगुवाइमा बनेको संयुक्त सरकार रहेको र आफूले नेतृत्व गरिरहेको बताए । अहिलेको सरकारले विकासको अठोट लिएको र अब एक वर्षमा आफूले प्रधानमन्त्री रहँदा धेरै विकास निर्माणका कामहरु गर्ने उनले बताए ।

प्रधानमन्त्री ओलीले भने, 'अहिलेको सरकार नेकपा एमाले र नेपाली काँग्रेसको अगुवाईमा बनेको संयुक्त सरकार हो । जसमा लोसपा पनि सरकार छ, जसमा जनमत पनि सरकारमा छ । अरु पनि सरकारमा छन् । यो संयुक्त सरकार हो । सबै पार्टीको । जसको नेतृत्व नेकपा एमाले र नेपाली काँग्रेसले गरेको छ । यो समीकरण देश विकासको अठोट लिएको छ । मैले प्रधानमन्त्रीको हैसियतमा अरु एक वर्ष काम गर्नेछु । यो एक वर्षमा थुप्रै कुराहरुमा परिवर्तन ल्याउने अठोट लिएको छु । चुनावसम्म हामी विकास निर्माणमा



अघि बढ्नेछौं ।' प्रधानमन्त्री ओलीले आगामी निर्वाचनसम्मै सरकार विकास निर्माणका काममा अघि बढ्ने बताए ।

मधेश प्रदेशमा तत्काल ५०० 'डिप बोरिङ' जडान गरिने

यस्तै प्रधानमन्त्री ओलीले मधेश प्रदेशमा पानीको आवश्यकता पूरा गर्न तत्काल ५०० 'डिप बोरिङ' जडान गरिने घोषणा गरे ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-८ स्थित विग्ही नदीमाथिको पुल र वडा नं ६ मा निर्मित प्रसूति गृहको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पानी नपरेर सिँचाइ र खानेपानीको संकट झेलिरहेको मधेश प्रदेशमा तत्कालै ५०० वटा डिप बोरिङ जडान गरिने बताए। हवाई उडानमार्फत यहाँ आउँदै गर्दा अधिकांश जमिन सुक्खा देखिएको उल्लेख गर्दै उनले मधेश प्रदेशका आठ वटै जिल्लामा सिँचाइको व्यवस्थासहित खानेपानीको व्यवस्था गर्न सरोकार भएका पक्षसँग छलफल तथा समन्वय गरी यथाशक्य छिटो समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्बोधनका क्रममा उनले मधेश प्रदेशको पूर्वी भागमा रहेको सप्तरी जिल्ला कोशी नदीसँग जोडिएकाले त्यहाँ कम समस्या रहेको चर्चा गर्दै बाँकी सातवटै जिल्लामा पानीको समस्या समाधान गर्नका लागि सरकार जुटिसकेको बताए ।

प्रधानमन्त्री ओलीले मधेश प्रदेशलाई संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको सन्दर्भमा यस क्षेत्रका किसानसहित पानीको अभावका कारण प्रत्यक्ष रुपमा प्रभावित जनताका पक्षमा विशेष कार्यक्रम ल्याइने प्रतिबद्धता पनि व्यक्त गरे ।

यसैगरी, प्रधानमन्त्री ओलीले शिक्षाविना चेतना र विकास असम्भव हुने प्रसंग उल्लेख गर्दै भने, 'जहाँ शिक्षा छ त्यहाँ चेतनासहितको विकास छ, जहाँ शिक्षा छैन त्यहाँ गरिबी र अभाव छ । आफ्ना छोराछोरीलाई भेदभाव नगरिकन विद्यालय पठाउन स्थानीय बासिन्दासमक्ष अनुरोध छ ।'

उनले गरिबी निवारणसहित परिवार, समाज र देश विकासमा शिक्षा आवश्यक रहेको उल्लेख गर्दै शिक्षालाई प्राथमिकता दिन पनि अनुरोध गरे ।

# 'आवश्यकताअनुसार संविधान संशोधन हुन्छ'

**काठमाडौं / मस–** नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आवश्यकताअनुसार संविधान संशोधन गरिने बताएका छन् । शहीद स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वर्गीय ढुण्डीराज शास्त्रीको स्वर्गारोहणको ४५औं दिनको स्मृतिमा आयोजित संघीय लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधान विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उनले संविधान बहुलवादमा आधारित



रहेकाले बदलिँदो समयको मागअनुसार संशोधन गर्न सकिने धारणा व्यक्त गरे ।

उनले भने, 'नेपालको संविधान बहुलवादमा आधारित छ । संविधान संशोधनका विषयमा अहिले सबै क्षेत्रबाट आवाज उठिरहेका छन् । राष्ट्रियसभाको सभापति र उपसभापतिलाई राख्नुपर्छ भन्ने धारणा छ । त्यसैले आवश्यकताअनुसार संविधान संशोधन हुन्छ ।' सभापति देउवाले देशमा चुनावका बेला नेपाल कम्युनिष्ट पार्टीजस्ता दलहरू फरक देखिए पनि व्यवहार र तहमा सबै प्रजातान्त्रिक शक्तिहरूले सहकार्य गर्दै आएको जानकारी गराए ।


## युएईमा रोजगार

कम्पनी : AL DAR AL MUBARAK CLEANING SERVICES — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/०८ — चलानी नं.: ६०२३६३५३ — L.T. No.: 322278

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TILE LAYER | 50 | 0 | स. काममा दक्ष | 1200 | ४५,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Professional Manpower Services Pvt. Ltd.** — श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Tel No.: 01- 4987247, 01-4988247 | Email: info@pms.com.np

## साउदीमा रोजगार

कम्पनी: MASTOURA CONTRACTING COMPANY LTD. — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६७ — LT. No.: 327857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy equipment operator | 10 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ८०,८९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason For Tile / Marble | 10 | 0 | | 1200 | ४४,१२४ | | | | | | | |
| 3. | Plumber | 10 | 0 | | 1200 | ४४,१२४ | | | | | | | |
| 4. | Truck driver/driver | 20 | 0 | | 2200 | ८०,८९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: १०६२/०७३/०७४
**Nepal HR Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554
Email :- snepalhr@gmail.com

## कुवेतमा रोजगार

कम्पनी: AL-INJAZ GLOBAL WHOLESALE AND RETAIL TRADE COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६७५ — LT. No.: 327819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANERS (INDOOR) | 0 | 2 | सम्बन्धित काममा दक्ष | 130 | ५८,७९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | SALES LADIES | 0 | 3 | | 180 | ८१,४१४ | | | | | | | |

कम्पनी: ARWA INTERNATIONAL PRINTING WORKS COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०४/०९ — चलानी नं.: ६०२४१६७६ — LT. No.: 327820

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY LABORS | 25 | 0 | स. काममा दक्ष | 100 | ४५,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Dana Human Resource Nepal Pvt. Ltd.** — Govt Lic No. 1692/080/81
Sinamangal, Kathmandu, Tel.: 01-5923344, 9802373747
Email : dananepalpg@gmail.com , Web: www.dananepal.com


# 'गाउँ–गाउँमा स्वच्छ र सुरक्षित पानी पुऱ्याउन सरकार प्रतिबद्ध'

**लालबाबु बानिया / मध्यान्ह**
पर्सा, ९ साउन

पर्साको ठोरी गाउँपालिका-४ स्थित निर्मलबस्तीमा निर्माण भएको निर्मलबस्ती खानेपानी आयोजनाको शुक्रबार विशेष समारोहबीच संघीय खानेपानी मन्त्री प्रदीप यादवले उद्घाटन गरेका छन् ।




प्रमुख अतिथि रहेका मन्त्री यादवले करिब १ हजार घरधुरीलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउने लक्ष्यसहित निर्माण गरिएको सो आयोजना औपचारिक रूपमा शुभारम्भ गरेका हुन् ।

मन्त्री यादवले धाराबाट आएको पानी आफैं पिएर आयोजनाको शुभारम्भ गरेका ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले जानकारी दिए ।

यस आयोजनाअन्तर्गत निर्मलबस्तीमा २ लाख २५ हजार लिटर क्षमताको ओभरहेड ट्यांकी, डीप ट्युबवेल, कार्यालय भवन, पम्प हाउस र पानी प्रशोधन केन्द्र (ट्रीटमेन्ट प्लान्ट) जस्ता महत्वपूर्ण पूर्वाधारहरू निर्माण भएका छन् ।

उद्घाटनपछि आयोजित स्वागत तथा अभिनन्दन कार्यक्रममा मन्तव्य दिँदै मन्त्री यादवले आयोजनाको सफल सञ्चालनसँगै स्थानीय बासिन्दाले अब नियमित, सुरक्षित र भरपर्दो खानेपानी सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरे । उनले लामो समयदेखि खानेपानीको अभाव व्यहोर्दै आएका स्थानीयहरूका लागि यो आयोजना एक महत्वपूर्ण उपलब्धि भएको बताए ।

मन्त्री यादवका अनुसार यस आयोजनाबाट १ हजार घरधुरीका २ हजार १६५ जना नागरिक लाभान्वित हुनेछन । उनले सरकार गाउँगाउँसम्म स्वच्छ र सुरक्षित पानी पुऱ्याउन प्रतिबद्ध रहेको उल्लेख गर्दै खानेपानीलाई विकासको आधारभूत संरचना र नागरिकको मौलिक अधिकारको रूपमा व्याख्या गरे । उनले हाल तराई-मधेशका जिल्लाहरू गम्भीर जलसंकटको सामना गरिरहेको जनाउँदै यस्ता विषम परिस्थितिमा पनि सरकारले नागरिकलाई सुरक्षित पानी सुनिश्चित गर्न निरन्तर खटिरहेको बताए ।


## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चिलौरी सुनसरी
कोशी प्रदेश, नेपाल

**डेंगीबाट बच्ने सम्बन्धी जानकारी मूलक सन्देश**

**सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं**

### डेंगीका मुख्य लक्षणहरू

- उच्च ज्वरो आउनु
- जोर्नी मांशपेशीहरु बेस्सरी दुख्नु
- आँखाको गेडी दुख्नु
- बेस्सरी टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घरभित्र र वरपरका पानी जमेको ठाउँहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
ईन्द्रै बिन्ति गरून झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो

# भावपूर्ण श्रद्धाञ्जली

जन्मः २०३५/०३/०७



मृत्युः २०८२/०३/३१

## स्व. सुजित कुमार महासेठ

हामी सबैको अनन्य मित्र, सधैं अरूको अनुहारमा हाँसो ल्याइर रख्ने व्यक्ति जसको सरल स्वभाव र आत्मीयताले हामी सबैको मन जितेको थियो । यस्तो गहिरो सम्बन्ध भएका मित्रको असामयिक निधन भएको आज १२औं दिनको पुण्यतिथिमा गहिरो शोक व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्तिको कामना गर्दै हार्दिक समवेदना अर्पण गर्दछौं ।

**एनआईटी, दुर्गापुर**
का सम्पूर्ण साथीहरू

पुस्तक-समीक्षा

# कुरानदेखि पुराणसम्म र स्वैरकल्पनाको सम्मिश्रण

**'फिर्दोसको साँचो' कथा सङ्ग्रहभित्र १० ओटा कथाले फरक-फरक सन्देश बोकेर उभिएका छन् । प्रस्तुतीकरणमा फरकपन देखिए पनि कथाले मागेअनुसारको आयातित नामहरूले अल्झाउन खोज्छ, तर पनि प्रत्येक कथाको सारतत्व के होला ? भन्ने जिज्ञासाले तानिरहनु लेखकीय सौन्दर्य हो ।**



■ डी.आर.राई


हामी बाँचिरहेको युग वा संसार एउटा स्वतन्त्र जेल हो । बिहान उठेदेखि रातमा ननिदाएसम्म कुनै न कुनै नियममा बाँधिएका हुन्छौं भने निदाएको जीवनले मात्र कुनै नियम पालना गर्दैन, बरु स्वतन्त्र भएर अर्कै लोकमा विचरण गर्दछ । जहाँ नभतिरको भ्रमणमा रमाउने, हराउने मात्र होइन, कुनै प्रेतात्मासँग प्रेम र बिछोड, दुःख र सुखको विनिमय गर्न सक्दछ । तर, त्यो अनुभव प्रत्यक्ष नभोगे पनि स्वैरकल्पनाका अनेक रंगहरूले साहित्यमा पोतेर तिलस्मी ग्रन्थहरू जन्माउने गरेको पाइन्छ । त्यसैको मेलोमा एउटा यस्तो साहित्यकारको उदय भएको छ, जसको नाम हो राजबाबु श्रेष्ठ सागर । जसले यसअघि गीत सङ्ग्रहलगायत ४ वटा कृतिहरू पस्किसकेका छन् भने 'फिर्दोसको साँचो' उनको नयाँ कथा कृति हो ।

मानिसको आत्मा मृत्युपछि पनि घुमिरहन्छ भन्ने सत्य हो या होइन, तर मरिसकेको लाटीको आत्माले अलिखित कथाका हरफहरूमा घुमाइरहन्छ रमणलाई । जेठा नेवारले आत्महत्या गरेको विषयबाट उठान भएको कथाले कौतुहलताको भारी बोकाउँछ । जीवित हुँदा लाटीले गरेका, भोगेका कथा-कहानीलाई आत्मामार्फत विस्तार गरेका छन् लेखकले । लाटाको माया जालमा परेकी लाटीले परिवारको दबाबमा पाठेघर फालेपछि गाउँको सुब्बाले मकैवारिमा बलात्कार गरेर सोझ्फासाझ्फाबाट कसरी फाइदा लिन्छन् र दबाइन्छ भन्ने यौन दुर्व्यवहारको विषयलाई कथामा उतारिएको छ । छोरी लाटी भए पनि उनको यौवन लाटो थिएन । चमचमाउँदो लाटी छोरीमाथि आफ्नै बुवाले पनि अनैतिक सम्बन्ध राखेपछि बुवा आफै पश्चतापले जल्दै गएपछि छोरीलाई घाँटी थिचेर मारे भने आफू पनि आत्महत्या गरेको घटनाले आङ सिरिङ्ग हुन्छ । रक्षक नै भक्षक भएको कथानक प्रसङ्गले घरभित्रै असुरक्षित छोरीहरूलाई सुरक्षा कहाँ र कसले देला, प्रश्न तेर्सिन्छ । नारी बिनाको संसार कल्पना पनि गर्न नसक्ने लेखक राजबाबुले सोझ्फो निरीह नारीमाथि भएको अन्याय, अत्याचार र यौन हिंसाविरूद्धको विद्रोही आवाज ओकलेका छन् । बिना कारण कसैले आत्महत्या गर्दैन, त्यसको पछाडि रहस्य लुकेको हुन्छ भन्ने खोज अनुसन्धान पनि हो, 'अलिखित कथा' ।

कुनै पनि कथा लेख्ने क्रममा कतिपय विषयवस्तु भेटिने, छुटिने भइरहन्छ, तर देखेका र भोगिआएका घटनालाई फरक ढंगले प्रस्तुत गर्नु लेखन शैलीको अर्को विशेषता हो । जो राजुबाबु श्रेष्ठ सागरले दलित पात्रलाई सम्भ्रान्त र आर्यलाई हली गोठालोको भूमिकामा चित्रण गरी 'निर्जला' शीर्षकलाई उपयुक्त स्थान दिएर दरिलो बनाएको छ । हरि कङ्गाल बाहुन, त्यो पनि हली अनि मालिकको छोरी कामिनीसँगको मिठो प्रसङ्गले पाठकको ध्यान खिच्नु लेखकीय गुण हो । दीक्षाले सोध्छिन्, 'म हरुवाको छोरी हो रे, हो मम्मी ?' राहुल र दीक्षाको बाल सुलभ मन र संवादहरूमा बाल मनोविज्ञानले उठाएका जिज्ञासा र घटनाहरूले व्यापक परिवर्तन खोजेको देखिन्छ । यौन तृप्तिको लागि जात नदेख्ने तर बोलेको, खेलेकोमा उपाद्धिनी बजैको पुरातन सोचले शान्त परिवारमा भाँडभैलो ल्याउँछ । जमिनदार तर दलित फूलमायाको विवाह हरुवासँग गराएर लेखकले नयाँ स्वाद पस्केको छ ।

'तिर्खा' शीर्षकले महोत्तरी जिल्लाको एउटा मुकाम देहातको परिवेशमा पुऱ्याउँछ र एक जोडी प्रेमको उदय गराउँछ । तर, फुल्न नपाई समाजले निमोठेर कच्याककुचुक पारेको कथानक प्रसङ्गले अशोक र तृप्तिको पक्षमा उभिन मन लाग्छ । स्कुल पढ्दै गर्दा थाहै नपाई माया बसेपछि सम्बन्ध रहन थाल्छ । समाजले त्यो सुन्दर जोडीलाई छुट्याउँछ । जसबाट वर्गीय विभेद र उमेरको कारण देखाई विवाह गर्नुबाट टाढा राखेको वियोगात्मक कहानीले हक, अधिकार र आत्मसम्मानको विषयलाई उठाएको छ । हाटबजारको, पिपलबोट र चौतारोको विद्यार्थी जीवनको, कामवासना र परिवार भाँडिएको प्रसङ्गहरू जोडेर कथाकारले बिरक्तिएको पागल अशोकलाई चौलिखा हाटबजारको पिपलबोटमा उभ्याउँछ र प्रेमको भिक्षा माग्न लाएर तिर्खा मेटेको मार्मिक प्रस्तुतिले प्रेम के हो ? भन्ने ज्वलन्त उदाहरण दिएको छ ।

'हिजकिल' एउटा अदृश्य शक्ति, जसलाई कथाकारले कोरोना महामारीको विषयवस्तु बनाएर कथामार्फत जिबाले श्रीमद्भागवत महापुराण पढेर नातिनीको प्रश्नको उत्तर दिँदै कोरोनाबाट बच्ने उपाय, रोकथाम र संयमता अपनाउने बारे




जानकारी गराउँदै अर्ती उपदेश दिएको लेखन शैली उत्प्रेरणाका स्रोत हुन् । कुरान र श्रीमद्भागवत महापुराणजस्ता धार्मिक ग्रन्थहरूको सम्मिश्रण र स्वैरकल्पनाको उच्चतम प्रयोगले कथासङ्ग्रह शक्तिशाली बनेको छ । हजरत हिजकिलको दैविक शक्तिले लासहरू उठाएर जिउँदो बनाएको कथाले नातिनीलाई मात्र होइन पढ्नेलाई पनि झसङ्ग पार्छ । महामारी रोग आइलागेमा निडर भएर आत्मबल दरिलो बनाउनुपर्छ भन्ने जानकारीमूलक कथाले २०७७ सालको कोरोना महामारीको झल्को दिन्छ ।

'हिदायत'मा युसुफ खानको सुन्दरी छोरी सायरा, फकिर र राकेशको कथा चाखलाग्दो छ । कथाकार राजबाबु कल्पनामा कतिसम्म उड्न सकेको होला भन्ने यो हिदायत शीर्षक पढेपछि थाहा हुन्छ । राकेश पात्रले सपनामा भेटेको कुरान पढेपछि के गर्दैन होला र ! राकेशले बलशाली बदमास जाकिरा घोडालाई काबुमा ल्याई आफ्नो शक्ति प्रदर्शन गरेर सायराको मन जित्छ । राकेश विधिपूर्वक इस्लाम भएपछि राकेशको नाम हिदायत खान हुन्छ र सायरासँग विवाह गर्छ । उनीहरूको तीन छोरी हुँदा पनि बाँच्न नसक्नुको कारण हारूदले पत्ता लगाउँछ र राकेशको पूर्व प्रेमीका सदिच्छाको मृत्यु गराएपछि मात्र सायरा र हिदायतबाट स्वास्थ्य छोराको जन्म भएको कल्पनाको खेलभित्र इस्लाम होस् या अरू कुनै धर्म, तर विवाहले धर्म र मानव जीवनलाई फराकिलो बनाएको पाइन्छ । रहस्यमय मृत्यु वा टुनामुनाको जाल बुनेर हिदायत र सायरालाई जोडेको सुन्दर प्रस्तुतीकरणले संसारमा स्त्री र पुरुष दुई जात मात्र हुने लेखकको विचारले वसुधैव कुटुम्बकम्को भावनालाई जोड्न खोजेको देखिन्छ ।

'खामभित्रको चिठीमा अधुरो जीवन'मा शारीरिक दुर्बलता, त्याग र समर्पण भेटिन्छ भने गाउँको किसानी जमिनदार ऱ्वाले माइलाले घरजग्गा छाड्नुको कारण सन्तानको अभावलाई देखाइएको छ । आफ्नै कारणले उजाड भएको घरलाई छाडेपछि चक्रे र माइलीबाट छोरा नाति नातिनीको आगमन हुन्छ । त्यसपछि घर आँगन ढाकेको र खुसीयाली छाएको देखिन्छ । श्रीमान् बेपत्ता भए पनि पहिलो सिन्दूरको कदर गर्दै माइलाको नाममा मन्दिर निर्माण गरिदिनु श्रीमती माइलीलाई उदार नारी पात्राको रूपमा देखाइएको छ । जन्मँदा नै सृष्टिकर्ताले सन्तान विहीन बनाएको माइलाको कुनै उपाय नलागेपछि भएको जग्गाजमिन, श्रीमती पूर्णिमाको नाममा सारेर सहयोगी चक्रेसँगको भविष्य उज्ज्वल बनोस् भन्ने सोचले सकारात्मक सन्देश प्रवाह गरेको छ भने महिलाहरू परपुरुषसँग यौन चाहना मेटाउन मात्र होइन, वंश धान्ने सृष्टिकर्ता पनि भएको 'फिर्दोसको साँचो'ले पुष्टि गरेको छ । 'दागबत्ती' झर्झराउँदो, मग्मगाउँदो फूलसरी फक्रिरहेको उमेरमा विवाह गरेपछि धेरै समयसम्म फूलसँग खेल्न नपाउँदाको दुर्लभ छटपटीलाई कथाकारले मिहिन ढंगले उनेको देखिन्छ । दाम्पत्य जीवनको मिठा पलहरूमा विक्रम पात्रलाई एक्कै चोटि बज्रपात पर्छ । विक्रमको श्रीमती झरना बिरामी परेर अत्यन्तै पीडा हुँदा सहन नसकेर बरु घाँटी थिचेर मारिदेऊ भनेको वाक्यले मलाई पनि ऐँठन परेजस्तो भयो । एउटा पारिवारिक घटनाक्रमलाई कथालयमा उतारेको भए पनि ३ सन्तान दिएर संसार छाडेकी झरनालाई उपचार गर्दा होस् या उनीसँगको सामिप्यताको सम्झनामा लेखक खूब डुबेको प्रतीत हुन्छ । डा. काफ्लेले दिएको सल्लाह, उपचार विधि सबै अपनाइएका, भएसम्मको सम्पत्ति प्रयोग गरेको, २६ वर्षकी श्रीमतीको अधुरा सपना, झरनाकी आमाले मलामीमाझ छोरीप्रति देखाएको प्यारले जोकोहीलाई मर्माहत बनाउने लेखन शिल्प बेजोड छ । जीवनले भर्खर पालुवा फेरेर मौलाउँदै गर्दा फ्याट्ट जीवन संगिनीबाट एक्लिनु र जीवन भाँचिनुको असह्य पीडालाई कथाकारले दागबत्ती दिएर कर्तव्य पूरा गर्दै पूर्व स्मृतिको जीवनलाई नजिक ल्याउने कोसिस गरेको भेटिन्छ ।

'हर्षवर्धन र महर्षि' रूपा र कुरूपा अनि हाबिल र काबिल सन्तानहरूको जन्म र मृत्यु । पाप र धर्म, पृथ्वी र आकाश । ७० हजार फेरिस्तहरूको कहानी । उर्वशी, हर्षवर्धन र महर्षिका स्वैरकल्पनाले भरिएको प्रस्तुतिले कता कता पुऱ्याएर छुट्टै आनन्द दिलाउँछ । 'ओभर स्पिड' यो अङ्ग्रेजी शीर्षकले के भन्न खोजेको होला भन्ने लाग्छ, तर आफ्नो ज्यानको जहिल्यै ख्याल गर्नु, जोखिम नमोल्नु भन्ने पाठ सिकाउँछ भने बोल्दा, हिँड्दा होस् या गाडी चलाउँदा होसियारी हुनु र अरूलाई पनि सचेत गराउने जानकारीमूलक सन्देश पात्र राकेशमार्फत दिएको छ । लेखकले गुणस्तरवाला हेलमेटको विज्ञापन गर्दै ठाउँअनुसारको सडकमा दिएको सूचना र ट्राफिक नियमको पालना गर्नुपर्ने कुरालाई जोडदार उठाएको छ । सवारी साधन चलाउँदा हुनसक्ने घटना, दुर्घटनालाई विषयवस्तु बनाएर लेखिएको 'अभर स्पिड' कथाले सचेतना जगाउने शिक्षाप्रद खुराक पस्केको छ ।

कथा सङ्ग्रहभित्र १० ओटा कथाले फरक-फरक सन्देश बोकेर उभिएका छन् । प्रस्तुतीकरणमा फरकपन देखिए पनि कथाले मागेअनुसारको आयातित नामहरूले अल्झाउन खोज्छ, तर पनि प्रत्येक कथाको सारतत्व के होला ? भन्ने जिज्ञासाले तानिरहनु लेखकीय सौन्दर्य हो । विषयवस्तु विस्तारको क्रममा उतार-चढाव आउँदा पनि कथागत संरचनालाई लयमा फर्काउने कथाकारको वक्रोक्ति शैली बलियो लाग्यो । वाक्य गठन र भाषा विन्यासमा हल्का ख्याल गर्नुपर्ने देखिए पनि कामवासनादेखि स्वैरकल्पनाको उडानसम्म, अनि गाउँ घरका घटनादेखि धार्मिक ग्रन्थहरूको गहिरो अध्ययनले राजबाबु श्रेष्ठ सागरको कथासङ्ग्रह 'फिर्दोसको साँचो' ओजिलो र पठनीय बनेको छ ।

# 'अटेलिस् जोई' अर्थात् मायाको परिभाषा



■ सिताराम थापा




*झट्ट सुन्दा उपन्यासको नाम 'अटेलिस् जोई' अलि पृथक खालको लाग्छ । उपन्यास पढेर अन्त्य तिर नपुगुन्जेलसम्म उपन्यासको नाम र कथा कता तालमेल खायो त खै ? भन्ने जिज्ञासा मेटिँदैन, तर वास्तविक अर्थ चाहिँ उपन्यासको अन्तिम तिर भेटिन्छ...*

उसो त शोभाराम ओली पाठकबिच नयाँ नाम हैन । यसभन्दा अगाडि प्रकाशित उनको कृति 'सुलभ' बहुचर्चित उपन्यास हो । सोही उपन्यासमार्फत धेरैजसो पाठकले उनको लेखन शैली र उनीमा अन्तर्निहित कलाको नाडी छामी सकेका छन् । गत शुक्रवार कतारको दोहामा विमोचित अर्को उपन्यास 'अटेलिस् जोई'मार्फत उपन्यासकार ओलीले पाठकहरूलाई अर्को नयाँ कथाको माध्यमबाट नयाँ स्वाद पस्केका छन् । झट्ट सुन्दा यो उपन्यासको नाम अलि पृथक् खालको लाग्छ । उपन्यास पढेर अन्त्य तिर नपुगुन्जेलसम्म उपन्यासको नाम र कथा कता तालमेल खायो त खै ? भन्ने जिज्ञासा मेटिँदैन, तर वास्तविक अर्थ चाहिँ उपन्यासको अन्तिम तिर भेटिन्छ ।

यो उपन्यासमा आइते, चन्चले, सन्तोष, माया, खलाबोटे मास्टर, पानकलि, तभिल धामी, सुनिता, आनन्द आदि जस्ता नामका पात्रहरू छुट्टाछुट्टै भूमिकामा देखिन्छन् भने सन्तोष र माया चाहिँ यो उपन्यासका मुख्य पात्र अर्थात् हिरो हिरोइन नै हुन् । यो उपन्यासको जग हाम्रो नेपाली समाजमा व्याप्त रहेको जातीय छुवाछूत प्रथा र ग्रामीण परिवेशमा हुने विभिन्न खालका थिचोमिचोको सेरोफेरोबाट उठाइएको छ । नेपालमा भएको माओवादी जनयुद्ध, पश्चिमी भेग रुकुम-रोल्पा जस्ता जिल्लाहरूमा परेको द्वन्द्वको असर र सोही समयताका स्थानीय जनमानसले आफ्नो दैनिकीमा भोग्नु परेको सास्तीलाई पाठक आफैंले महसुस गर्नेगरी उतारिएको छ ।

उपन्यासमा सोही भेगको रैथाने शब्दहरूको प्रयोग गरिएको छ, जुन नेपालका अन्य जिल्लातिर बस्ने मानिसहरूलाई बुझ्नै गाह्रो हुन्छ । ६०को दशकअघिको घटना भएको कारण उपन्यासमा धेरै ठाउँमा प्रेम पत्रहरू लेखिएका छन् ।

सन्तोष नामको एक जना पुरुष पात्रलाई रुकुम-रोल्पा जस्तो बिकट जिल्लाको ग्रामीण बस्तीमा दलित परिवारभित्र जन्माएर उपन्यासको सुरुवात गरिएको छ । कथा सन्तोषको स्कुल जीवनदेखि नै सुरु हुन्छ । सन्तोषलाई साथ दिने अर्की महत्वपूर्ण पात्र हुन्छिन्- माया । माया, सन्तोषकै गाउँ कि माथिल्लो जातकी खलाबोटे मास्टरको छोरी हुन् । उनीहरू बाल्यकालदेखिका साथीहरू हुन् । एक अर्कालाई सानैदेखि माया गर्थे । उनीहरूको माया पवित्र थियो । उनीहरूबिच चोखो माया प्रेम भए पनि असमान जातका कारण उनीहरूको माया प्रेमले विवाहमा परिणत हुन नसकी नसकी कथा सकिन्छ ।

माया र सन्तोष एसएलसीसम्म गाउँकै स्कुलमा सँगै पढ्छन् । एसएलसी पास गरेपछि माया उच्च शिक्षाको लागि सहर जान्छिन् र उतै पढ्न थाल्छिन् । सन्तोषको आर्थिक अवस्था सारै नाजुक भएकोले उच्च शिक्षाको लागि सहर जान ऋण लिन खोज्छन् । तर, उनले उच्च शिक्षाको लागि नभई विदेश जानको लागि ऋण पाउँछन् । खेतबारी बन्दकी राखेर उनी विदेश यात्राका लागि निस्किछन् ।

सन्तोष खाडी जाने चक्करमा काठमाडौं आउँछ । भिसाको पखाई झन्डै वर्ष दिनको हुन्छ । बेरोजगारीको अवस्था हुँदा पशुपतिनाथको दर्शन गर्न जाँदा कुनै ब्वाइ फ्रेन्डले धोका दिएकी एउटी सोलुखुम्बु घर बताउने सरल पात्र सुनिता भेटिन्छिन् । उनीहरूबिच धेरै दुःख सुखका कुरा हुन्छन् । सुनिताको ब्वाइ फ्रेन्ड भेटाइदिन सन्तोषले निकै सहयोग गर्छ, तथापि सफल हुँदैन । एक दिन अचानक सन्तोषको दुबईको भिसा आउँछ, उ श्रमिकको रूपमा दुबई पुग्छ । सन्तोष दुबई गएको केही वर्षपछि गाउँमा जनयुद्ध बेस्सरी चर्केको हुन्छ । सन्तोषको घर गाउँमा प्रहरी चौकी नजिकै हुन्छ । उस्का बुबा आइते प्रहरी चौकीमा खाना बनाइदिने सहयोगीको रूपमा काम गर्थे । देशमा चर्केको गृहयुद्धका बेला माओवादी र सरकारी सेनाको भिडन्तमा सन्तोषको बुबा आइते र आमा चन्चलीको आफ्नै घरमा गोली लागेर मृत्यु हुन्छ । सन्तोष परदेशमै टुहुरो हुन पुग्छ ।

उता उच्च शिक्षा अध्ययनको लागि सहर पसेकी माया पढाइसँगै गायिकाको रूपमा स्थापित हुन पुग्छे । संयोगले माया साङ्गीतिक प्रस्तुतिका लागि दुबई पुग्छे, कार्यक्रम हलमा सन्तोषले मायालाई देख्छ । तर, उसले बोलाउन या भेट्न सक्दैन या चाहँदैन किनकि मायाले बिहा गरिसकेको भन्ने जानकारी पाउँछ । अब उसलाई डिस्टर्व नगर्नु भनेर कसैले पत्रमार्फत जानकारी गराइदिइसकेको हुन्छ । एकातिर बाबुआमाको वियोग, अर्कोतिर मायासँगको बिछोड, सन्तोष विक्षिप्त बन्छ । जहाँ पातलो, त्यही छेड भने झैं दैव पनि निर्दयी बनेर सन्तोषमाथि नै खनिन्छन् । सन्तोषलाई सीआइपीए नामको दुर्लभ र खतरनाक रोगले समात्छ । परदेशमा उपचार सम्भव नभएपछि परदेशका सहकर्मी साथीहरूले नेपाल लिएर आउँछन् । उपचारको लागि टिचिङ हस्पिटल राखिन्छ । सन्तोषले मायालाई भेट्न चाहिरहेको हुन्छ, तर दुर्भाग्य माया साङ्गतिक प्रस्तुतिका लागि पोखरा पुगेकी हुन्छिन् ।

यता सन्तोषको अवस्था चिन्ताजनक हुन्छ । आइसियुमा राखिन्छ, तर सुधार हुँदैन । आनन्द दाइले आफ्नो बाचा पूरा गर्न मायालाई खबर पुऱ्याइदिइसकेका हुन्छन्, माया पोखराबाट सन्तोषलाई भेट्न सिधै टिचिङ आइपुग्छिन्, तर समय ढिला भइसकेको हुन्छ । सन्तोषले यो संसारबाट बिदा लिइसकेको हुन्छ । वास्तवमा मायाले बिहा गरेकी हुँदिनन्, तर सन्तोषकै मिल्ने साथी जो मायालाई पहिलेदेखि नै मन पराउँथ्यो र उसँग बिहा गर्न चाहन्थ्यो, उसैले मायाले बिहा गरिसकी भनेर झुटो पत्र पठाइदिएको थियो ।

सन्तोषको मृत्युपछि काठमाडौंमै आएका आफ्ना बुबाआमालाई हेर्न बोलाउँछिन् । माया रुँदै बुबाआमालाई अङ्गालो हाल्न दौडँदै जाँदा अचानक गाडीको ठक्करले मृत्युवरण गर्न पुग्छिन् । दुवै जनाको लास आर्यघाटमा सँगै जल्ने अवस्था हुन्छ । जिउँदो हुँदा फरक जातका कारण एक हुन नसकेका सन्तोष र माया सँगै चितामा जल्छन् । वर्षौंअघि काठमाडौंमा सन्तोषसँग भेटिएको आफ्नो धोकेबाज प्रेमी खोज्न बसेकी उहीँ सुनिताले सन्तोषको लास जलाइरहेकी हुन्छिन् । नेपाली संस्कृति र संस्कारको अनुसन्धान गर्न आर्यघाटसम्म पुगेका एक जना ग्रिस नागरिक या रिसर्चरले जल्दै गरेको दुई लासको बारेमा निकै जिज्ञासा राख्छन् । उनीहरूको अधुरो प्रेम कहानीबारे वृत्तान्त सुनिसकेपछि भावुक हुँदै भन्छन्- अटेलिस् जोई । वास्तवमा तिनै रिसर्चरको मुखबाट निस्किएको शब्द 'अटेलिस् जोई'ले नै सिङ्गो उपन्यासको नाम बोकेको छ । सर्सर्ती पढ्दा सामान्य कथा बोकेर उपन्यास उभिएको देखिए पनि उपन्यासको आयतन भने निकै फराकिलो छ ।

### उपन्यासको अन्त तिर

उपन्यासकार ओलीले उपन्यासलाई सरल तरिकाले बग्ने गरी सन्तोष र माया जस्ता पात्रलाई उपन्यासको मुख्य भूमिकामा राखेर उपन्यास लेखे पनि उपन्यासको प्रस्तुतिलाई संवादको रूपमा हिरा नामकी छाया पात्रसँग आफूलाई मिसाएर थप अर्को कथा जोडेका छन् । नचाहँदा नचाहँदै पनि उपन्यासमा काठमाडौंमा भेटिएकी सोलुखुम्बु कि सुनिता र कतारको फुटबल स्टुडियोमा भेटिएको हिराको प्रेम कहानी पनि उतारिएको छ । झट्ट हेर्दा, यो उपन्यास तीन बेग्ला बेग्लै प्रेम कहालिने भरिएको त्रिवेणी पनि हो जस्तो लाग्छ । कतारमा सम्पन्न वर्ल्डकप फुटबलको सन्दर्भलाई भलाकुसारीको पृष्ठभूमि बनाएर लेखिएको उपन्यास भएकोले खेलसँग रुचि राख्ने पाठकहरूले वर्ल्डकपको फाइनल दिनमा भएका रमाइलो गेम र अविस्मरणीय गोलका बारेमा पनि जान्न पाउँछन् । त्यो ऐतिहासिक खेलको वर्णनले उपन्यासलाई अझ मजबुत बनाएको छ ।

### कमजोर पक्ष

उपन्यासको सुरुवात खण्डमा कतारमा व्यक्तिगत आफ्नो दैनिकीलाई जोडेर दोस्रो खण्ड सुरुवात नहुन्जेलसम्मको लेखाइमा पाठकलाई अलमलाए जस्तो देखिएको छ । कतिपय शब्द छनौट र घटनालाई जोड्ने क्रममा अलमल देखिन्छ । जस्तो- उच्च शिक्षाको अध्ययनको लागि माया कोठा लिएर बसिसकेकी हुन्छे, तर रेडियोमा एसएलसीको रिजल्ट बज्छ ।

कविता

## बिहानीको खबर



अमानव

त्रिशुलीमा बस खस्दा
मृत्यु हुनेको संख्या यति जना
घाइते यतिको सनाखत ।

काठमाडौं फर्कँदै गर्दा
बसले ओभर टेक गर्न खोज्दा
मोटरसाइकल बसमा ठोकिँदा
चालकले मदिरा सेवन गरेको खुलासा ।

एकै परिवारको हत्या
प्रेमीद्वारा प्रेमिकाको हत्या
बलात्कारपछि हत्या
छोराले आमाको
साथीले साथीको
बाबुद्वारा छोरी बलात्कृत
आपसी बैमनस्यताले
लोभ लालचले हत्या
छोराद्वारा बाबुको हत्या
पतिद्वारा बन्चराले प्रहार गरी हत्या
दाइजो नलेराएकोले कुटपिट गरी हत्या

दैनिक खबर
मृत्यु, हत्याको रगतको मसीले लेखिन्छ
कागज रुन्छ
कोलाहल गर्छ
प्रत्येक पटक त्यस्तो अक्षर
आफूमा खोपिँदा
त्यसले आफ्नो पृष्ठभूमिमा भरिँदा
उसको मुहार मलिन हुन्छ
उ चाहँदैन की
उदास हुन, दुःखी हुन
समाज बेथिति होस्
उ पनि चाहन्छ
हाँस्न, खुसी हुन
खुसी बनाउन ।

## राजनीति र कृषक



शम्भू पनेरू

माटोको मुहार चिन्छु म
घामको तापमा उब्जिन्छ मेरो पसिना
अन्नको बीउ जस्तै रोपिएको छु
तर, मेरो नाम छैन कुनै घोषणा–पत्रमा ।

बर्खाको प्रतीक्षा गर्दै
म आँखा गाड्छु आकाशतिर
राजनीतिक भाषण सुनिँदैन खेतको कानले
हिलोमा रुन थाल्छ मलिलो पीडा ।

उम्मेदवारहरू आउँछन्
चिउरा, चनासँग, हात हल्लाउँदै
म मुस्कुराउँछु
किनभने म जान्दछु–
बर्सेनि उस्तै छ झुटको बीउ
नतिजा उस्तै हुन्छ–
बाँझो सपना, रित्तो झोला ।

कहिले मेरी छोरीको किताब किनिदिन सक्दिन,
कहिले छोरो हिँड्छ सहरतिर
सपना बेच्न,
अनि म फर्कन्छु उही बारीमा
जहाँ हराएको छ मेरो भविष्य ।

म किसान हुँ,
म राष्ट्रको जरा हुँ भन्छन् कागजमा
तर जरा नै सुक्दैछ अब
किनकि पानी छैन
राजनीतिक आँखा ओभाएको छ ।

तर म त उस्तै छु–
जुन दिन ढल्छ, म फेरि रोप्छु
सपना, आस्था र अन्न ॥

# सबै नागरिकको घरमा स्वच्छ पानी पुऱ्याउने गरी काम गर्न मन्त्री राणाको निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
लुम्बिनी, ९ साउन

लुम्बिनी प्रदेश सरकारका खानेपानी तथा शहरी विकास मन्त्री रोज राणाले सबै नागरिकको घरमा स्वच्छ पानी पुऱ्याउने प्रदेश सरकारको दीर्घकालीन अभियान रहेको उल्लेख गर्दै जनताबाट कुनै पनि गुनासो नआउने गरी काम गर्न निर्देशन दिएका छन् ।

शहरी विकास तथा खानेपानी मन्त्रालय लुम्बिनी प्रदेशको आयोजनामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा मन्त्रालय मातहतका खानेपानी कार्यालयहरूको योजना, आयोजना र २०८१/८२ को वार्षिक प्रगतिसम्बन्धी समीक्षा गोष्ठीमा सहभागी कर्मचारीहरूलाई सम्बोधन गर्दै मन्त्री राणाले यस्तो निर्देशन दिएका हुन् ।

उनले मन्त्रालयको साख अझै उच्च बनाउने गरी काम गर्न र कुनै कमी कमजोरी भएमा त्यसको सुधार गर्दै नयाँ ढंगले जनमुखी सेवा प्रवाह गर्न आग्रह गरेका छन्। मन्त्री राणाले १२ जिल्लाका



खानेपानी कार्यालय प्रमुखहरूलाई सोही अनुसार काम गर्न निर्देशन दिएका हुन् ।

वार्षिक समीक्षा कार्यक्रममा बोल्दै मन्त्री राणाले अघिल्लो वर्ष लुम्बिनी प्रदेशलाई उत्कृष्ट बनाउन योगदान पुऱ्याएका सबै कर्मचारीहरूलाई धन्यवाद दिँदै मन्त्रालयले हालसम्म उल्लेखनीय प्रगति गरेको बताए । उनले सातवटै प्रदेशमध्ये लुम्बिनीलाई खानेपानी तथा शहरी विकास क्षेत्रमा उत्कृष्ट बनाउने लक्ष्यसहित काम गर्नुपर्ने आवश्यकता औंल्याए ।

मन्त्री राणाले आफ्नो मन्त्रालय जनताको प्रत्यक्ष सरोकारको भएकोले संघीयताको मर्मअनुसार 'एक घर, एक धारा-शुद्ध पानी' कार्यक्रमलाई प्रभावकारी ढंगमा अगाडि बढाइरहेको जानकारी दिए।

उनले प्रविधिको उच्च प्रयोग गरी जनतालाई सहज, व्यवहारिक र सर्वसुलभ स्वच्छ पानी उपलब्ध गराउने, सफा पानीलाई आम नागरिकको पहुँचभित्र ल्याउने प्रदेश सरकारको स्पष्ट योजना रहेको समेत उल्लेख गरे ।

पछिल्लो समय मन्त्रालयले खानेपानी तथा शहरी विकासको क्षेत्रमा दीर्घकालीन रूपमा प्रभाव पार्ने कार्ययोजना तयार पारेको र तिनको कार्यान्वयनपश्चात मन्त्रालयको साख अझै उच्च बन्ने विश्वास व्यक्त गर्दै उनले मितव्ययिता अपनाई पूँजीगत खर्चमा वृद्धि गर्नुपर्नेमा जोड दिए ।

मन्त्री राणाले जिल्लामा हुने विकास निर्माणका कार्यहरूमा जनगुनासो नआउने गरी समयसापेक्षरूपमा योजनाहरू कार्यान्वयन गर्न निर्देशन दिएका थिए। कार्यक्रममा मन्त्रालयका सचिव बासुदेव पौडेल, महाशाखा प्रमुख तथा प्रवक्ता गुणानिधि पोखरेल लगायत सबै शहरी विकास कार्यालयका प्रमुखहरूले आ-आफ्नो भनाइ राखेका मन्त्री राणाका स्वकीय सचिव महेन्द्र केसीले जानकारी दिए ।

# ठाकुरबाबामा 'वास गेन्स परियोजना' सञ्चालित विद्यालयहरूको अनुगमन

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ९ साउन

बर्दियाको ठाकुरबाबा नगरपालिकामा सञ्चालित 'वास गेन्स परियोजना' अन्तर्गतका विद्यालयहरूको संयुक्त टोलीले अनुगमन गरेको छ ।

अनुगमन टोलीले कर्मला माध्यमिक विद्यालय कर्मला, जनज्योती माध्यमिक विद्यालय वकुवा, शारदा आधारभूत विद्यालय शाहीपुर, नेउलापुर आधारभूत विद्यालय नेउलापुर, र जनचाहाना आधारभूत विद्यालय डुम्रेनीको अवलोकन तथा अनुगमन गरेको हो ।

टोलीले विद्यालयहरूमा सञ्चालित खानेपानी, सरसफाई तथा स्वच्छता, सुविधासहित परियोजनाअन्तर्गत निर्माण गरिएका संरचनाहरू, शौचालय, हात धुने स्थान, खानेपानी आपूर्ति व्यवस्थापन आदिको प्रत्यक्ष अवलोकन गरेको थियो ।

यस्तै, अनुगमन



टोलीले विद्यालयमा परियोजना सञ्चालनपछि देखिएका असल अभ्यास र सकारात्मक परिवर्तनहरूका बारेमा छलफल गर्दै ठाकुरबाबा नगरपालिकाले जारी गरेको खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि २०८१ मा समेटिएको १० वटा सूचकांकका आधारमा विद्यालयहरूले गरेको स्वमूल्यांकन र त्यसको प्रमाणहरूको समेत समीक्षा गरेको थियो ।

तिनतारे प्रमाणीकरणका लागि गरिएको यस अनुगमनमा टोलीले विद्यालयलाई तिनतारे घोषणा गरेपछि त्यसको दिगोपन सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक तथा सबै सरोकारवालाहरूको सक्रिय सहकार्य आवश्यक हुनेमा जोड दिएको छ ।

त्यस्तै टोलीले विद्यालयलाई हरित विद्यालय कार्यक्रमलाई निरन्तरता दिई वातावरण संरक्षणमा विशेष पहल गर्न पनि सुझाव दिएको छ ।

अनुगमन टोलीमा ठाकुरबाबा नगरपालिकाकी उपप्रमुख विनाकुमारी भट्टराई, वडाध्यक्षहरू, विषयगत शाखाका प्रमुखहरू, वास गेन्स परियोजनासम्बद्ध संस्थाका पदाधिकारी तथा कर्मचारीहरू, साथै सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । विद्यालयमा समावेशी तथा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधा सुनिश्चित गरी अपाङ्गता भएका बालबालिकाहरू तथा किशोर-किशोरीहरूको पहुँच वृद्धि गर्दै सिकाइका लागि सहज वातावरण निर्माण गर्ने उद्देश्यसहित ठाकुरबाबा नगरपालिकाका पाँच वटा विद्यालयमा 'वास गेन्स परियोजना' सञ्चालनमा ल्याइएको हो ।

उक्त परियोजना युके एड र वाटर एडको सहयोगमा, नेपाल प्रजनन स्वास्थ्य केन्द्र तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक साझेदारीमा वेस संस्थाद्वारा विगत तीन वर्षदेखि सञ्चालन हुँदै आएको छ ।

# मानव मलमूत्र व्यवस्थापनमा शारदा नगरपालिकाको अग्रसरता

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, ९ साउन

शारदा नगरपालिकाले मानवजन्य लेदो (दिसा पिसाब) तथा फोहोर व्यवस्थापनमा सम्भावित समस्या आउनु अघिनै पूर्वतयारी थालेको छ। 'नगरव्यापी समावेशी सरसफाइ सेवा प्रणालीहरूको विस्तार कार्यक्रम' अन्तर्गत युएन ह्याबिट्याट र शारदा नगरपालिकाबीच भएको छलफलमा यस्तो तयारी गरिएको जनाइएको हो ।

छलफलमा नगर उपप्रमुख सुस्मिता सापकोटाले अहिलेसम्म शौचालयका सेप्टिक ट्याङ्क भरिएर समस्या उत्पन्न नभए पनि निकट भविष्यमै समस्या आउन सक्ने सम्भावनालाई ध्यानमा राखेर नीतिगत तथा कार्यक्रमगत तयारी गरिएको बताइन् । उनले भनिन्,' हाल त तत्काल समस्या छैन, तर भविष्यमा हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै नगरपालिकाले नीतिगत तयारी पूरा गरिसकेको छ र आवश्यक कानुनी संरचनाहरू निर्माण गरिसकेको छ ।'

शारदा नगरपालिकाको श्रीनगर क्षेत्रमा शहरीकरण तीव्र गतिमा भइरहेको छ । तर नागरिकस्तरमा चेतनाको अभाव, नगरसँगको सीमित बजेट र भवन निर्माण संहितामा स्पष्ट व्यवस्था नहुनुले स्तरीय सेप्टिक ट्याङ्क निर्माण हुन सकेको छैन ।

नगर प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले मानव मलमूत्र प्रशोधन केन्द्र र सेप्टिक ट्याङ्क निर्माणको प्राविधिक पक्षलाई अध्ययन गरेर आवश्यक नीति परिमार्जन गरिने बताए ।

देवकोटालले भने,'अहिले



विस्तारै सेप्टिक ट्याङ्कहरू भरिन थालेका छन्, त्यसैले नगरपालिकाले सक्सन ट्याङ्क किन्न, निजी क्षेत्रलाई प्रोत्साहन गर्न वा अन्य स्थानीय तहबाट उपकरण ल्याउन निर्णय गर्न लागिएको छ ।'

हाल नगरपालिकाले ५ रोपनी क्षेत्रफलमा फोहोरमैला व्यवस्थापन गरिरहेको छ । तर नजिकै खोला रहेकाले मानव मलमूत्र प्रशोधन केन्द्र निर्माणका लागि अन्यत्र उपयुक्त जग्गाको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

छलफलमा युएन ह्याबिट्याटकी राष्ट्रिय प्रोफेस्नल अफिसर सुधा श्रेष्ठले मानव मलमूत्र प्रशोधन केन्द्र नभए पनि सेप्टिक ट्याङ्कको गुणस्तरीय निर्माण र नियमन गर्न सकिएमा भविष्यमा देखा पर्न सक्ने समस्या न्यूनीकरण गर्न सकिने बताइन् ।

उनीले भनिन् 'स्तरीय सेप्टिक ट्याङ्क निर्माणले मलमूत्र चुहिने, पानीको स्रोतमा मिसिने वा छिटो भरिने समस्यालाई रोक्न मद्दत गर्छ । अब भवन निर्माण संहितामा अनिवार्य रूपमा यसको व्यवस्था गर्नुपर्ने बेला आएको छ ।'

गएको असार १४ गते शुक्रबार, युएन ह्याबिट्याट, नेपाल नगरपालिका संघ, वाटर एड नेपाल र सात वटा नगरपालिकाबीच गरिएको बहुपक्षीय सम्झौता अनुसार यो कार्यक्रम सुरु गरिएको हो । सातै प्रदेशका एक-एक नगरपालिका छनोट भइ कार्यक्रम सुरु गरिएको हो, जसमा शारदा नगरपालिका कर्णाली प्रदेशबाट परेको हो ।

कार्यक्रम अन्तर्गत शारदा नगरपालिकामा मानव मलमूत्र व्यवस्थापनसम्बन्धी कानुनी औजार निर्माण, तथ्याङ्क संकलन र अद्यावधिक, कार्यसम्पादन सूचक तथा मानक संकलन,जनशक्ति क्षमता अभिवृद्धि, सरसफाइ क्षेत्रमा कार्यरत कर्मचारीहरूको सीप अभिवृद्धिका लागि खानेपानी तथा ढल व्यवस्थापन विभाग र मन्त्रालयमार्फत तालिम सञ्चालन गरिने भएको छ ।

शारदा नगरपालिकामा सञ्चालित यो कार्यक्रमले दीर्घकालीन सरसफाइ सुधार, पूर्वाधार सुदृढीकरण र वातावरणीय सुरक्षा तर्फको ठोस आधार तय गर्ने विश्वास गरिएको छ ।


**अनलाइन खारेज सम्बन्धी १५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/१०**

सूचना तथा प्रशारण विभागमा दर्ता नं. १४०९/०७५/७६ मितिमा २०७६/०३/२५ मा दर्ता रहेको साहित्य सरोवर मिडिया प्रा.लि.द्वारा सञ्चालित www.entertainmentkhabar.com नामक अनलाईन सञ्चार माध्यमको दर्ता खारेज गरिने हुदाँ यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको ठेगाना विराटनगर १ पोखरियामा वा सञ्चालक रोशन पोखरेल को मोबाईल न ९८५२०२२९१८ वा इमेल khabarentertainment@gmail.com सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्याहोरा समेत छ ।

**साहित्य सरोवर मिडिया प्रा.लि विराटनगर**



**भूल सुधार**

मिति २०८२/०४/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस मेनपावर कम्पनीको कतारको कम्पनी नाम: **ZMALAMJABA CLEANING AND HOSPITALITY, L.T. No.: 327536, चलानी नं.: ६०२४१३६७, पूर्व स्वीकृत मिति: २०८२/०४/०७** को विज्ञापनमा कतारमा रोजगार हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

**सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.**
इजाजत नं. ८७७/०६७/०६८
३७/२७ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं, नेपाल, फोन: 01-5100754
Mobile: 9841818246 Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com



**ULTRA WASHING MACHINE MRP DECLEARATION NOTICE**

| S.N | Product Discription | Model | Brand | Country of Origin | MRP/Unit |
|---|---|---|---|---|---|
| 1 | Washing Mechine | UW-PREMIUM80 | ULTRA | China | 52,000 |
| 2 | Washing Mechine | UW-PREMIUM100 | ULTRA | China | 62,000 |
| Importer : Ultra Solar Energy & Steel Engineering Pvt.ltd | | | | Phone : 4316070 | |
| Address : Chandragiri-14 Kathmandu | | | | Exim Code : 6011316880133 NP | |



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **The Global Recruitment Agency Pvt. Ltd.** (श्रम इजाजत पत्र नं. १२५३/०७४/०७५) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरु सँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | कर्मचारीहरुको नाम | परिचय पत्र नं. | पद |
|---|---|---|---|
| १. | ममिता शाही | ५८-०२-०७३/१५८ | Documentation Officer |
| २. | रमा श्रेष्ठ | ४४-०१-७२-०५९६२ | HR Officer |

**THE GLOBAL RECRUITMENT AGENCY PVT.LTD.**
Govt. Lic. No.: 1253/074/075
महाराजगंज चक्रपथ, धारापाटी, काठमाडौं, नेपाल,
Tel No:4965983, 4965264, 9801090472, 9762423231, 9813966530.



**UAE मा रोजगार** Bright Accord General Contracting L.L.C
पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१०/२६ चलानी नं. ६०२१४६८१ LT.No. 299757

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mason ( Brick /Plaster) | 3 | 0 | काममा दक्ष | 1200 | ४५,२००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Mason Tiles | 10 | 0 | | 1200 | ४५,२००/- | | | | | | | |
| ३. | S/Carpenters | 4 | 0 | | 1200 | ४५,२००/- | | | | | | | |
| ४. | Steel Fixer | 3 | 0 | | 1200 | ४५,२००/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८२ साउन १७ गते (2 Aug., 2025 ) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।**

[illegible]

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोन: ०१-५२१००५६
श्रम ईजाजत नं.: ५७६/०६२/६३



**युएईमा रोजगार** कम्पनी: PANDIMEENAL CARPENTRY & FLOORING CONTRACTING L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०४/०७ चलानी नं.: ६०२४१३२९ L.T. No.: 327341

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BRICKLAYER | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1500 | ५६,३४० | | | | | | | |
| 3. | Steel Fixer | 5 | 0 | | 1500 | ५६,३४० | | | | | | | |
| 4. | STONE MASON | 3 | 0 | | 1500 | ५६,३४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ERAM OVERSEAS PVT. LTD.** Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260, Email: eramoverseas074@gmail.com,
Web: www.eramoverseas.com, Mobile: 9806393863 | 9810383940 | 9823729649



**Saudi मा रोजगार** Company : Panda Retail Company
पूर्व स्वीकृति मिति: २०८२/०४/९ चलानी नं.: ६०२४१६३० LT No.327785

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bakers | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,१९५/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Bus Drivers | 12 | | 1500 | ५५,२४०/- | | | | | | | |
| ३. | Fish Mongers | 8 | | 1500 | ५५,२४०/- | | | | | | | |
| ४. | Heavy Truck Drivers | 13 | | 1800 | ६६,२९०/- | | | | | | | |
| ५. | Loading And Unloading Worker | 29 | | 1000 | ३६,८३०/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ साउन १७ गते (2 Aug., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।**

[illegible]

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत न.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com



**Kuwait मा रोजगारको अवसर** Crown Door For Building Construction Company
पूर्व स्वीकृती मिति: २०८२/४/९ चलानी नं.: ६०२४१६१३ LT No.: 327784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Finishing Carpenter | 10 | 0 | काममा दक्ष | 150 | ६७,९३५/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Helper | 10 | 0 | | 120 | ५४,३५०/- | | | | | | | |
| ३. | Painter | 2 | 0 | | 150 | ६७,९३५/- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

**अन्तरवार्ता २०८२ साउन १७ गते (2 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।**

[illegible]

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com



**Saudi मा रोजगार** Mohammed Abdullah Aljammaz Est. For Real Estate.
पूर्व स्वीकृती मिति: २०८२/४/८ चलानी न. ६०२४१५९३ LT.No. 327681

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labors | 4 | 0 | काममा दक्ष | 1000 | ३६,८६०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Laborer/Bilding Worker | 4 | 0 | | 1000 | ३६,८६०/- | | | | | | | |
| ३. | Loading Unloading Lobor (Male) | 2 | 0 | | 1000 | ३६,८६०/- | | | | | | | |
| ४. | Office Cleaning Labour | 2 | 0 | | 1000 | ३६,८६०/- | | | | | | | |
| ५. | Roof Cleaning Labor | 2 | 0 | | 1000 | ३६,८६०/- | | | | | | | |

**अन्तरवार्ता २०८२ साउन १७ गते (2 Aug., 2025) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु.१०,०००/- |

[illegible]

**SKYWAYS BUREAU SERVICES PVT. LTD.**
Gov.Lic.NO. 871/066/067
पो.ब.नं. ३५३, बद्री कोलनी, सुकेधारा, काठमाडौं, फोन : ०१-४३७०१०१, ४३७६११२
Email : info@skywaysnepal.com, www.societaloverseas.com



**Saudi मा रोजगार** Establishment Mohamed Saleh Mohamed Ben Laden For Contracting
पूर्व स्वीकृती मिति: २०८२/४/९ चलानी नं. : ६०२४१६५७ LT No. 327823

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agricultural Laborer | 1 | काममा दक्ष | 2000 | ७३,६६०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८२ साउन १८ गते (3 Aug., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।**

[illegible]

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत न.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



**युएईमा रोजगार** कम्पनी: XOLUTION TECHNICAL SERVICES L.L.C शहर: UAE,DUBAI
पुर्व स्वीकृत मिति: २०८१/०४/०९ चलानी नं.: ६०२४१६१२ L.T. No.: 327762

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Electrician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६७,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder General | 3 | 0 | | 1800 | ६७,६०८ | | | | | | | |
| 3. | Wood Door Carpenter/Engraver | 6 | 0 | | 1800 | ६७,६०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Regd. No.: 301546/079/080 Govt. Lic. No: 1578/079/80
**RP Recruitment Partners Pvt. Ltd.**
साविकको नाम: Qatar International Manpower Pvt.ltd.
P.O. Box 7311
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971.
E-mail: info@rpnepal.com



**बहराइनमा रोजगार** कम्पनी: HIMALAYAN TOP CLEANING & MAINTENANCE W.L.L शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०८२/०४/०९ चलानी नं.: ६०२४१६५६ LT. No.: 327783

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 16 | 5 | स. काममा दक्ष | 120 | ४३,९२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PANDORA INCORPORATION PVT. LTD.** Govt. Lic. No. 502/061/062
Samakhusi, Kathmandu, Tel +977-1- 4987601, 4987608. Email: pandorainc14@gmail.com.
Mobile No: 9709711121, 9709711120, 981-8465637, 986-1133194, 985-1007872, 9847259822.



**कतारमा रोजगार** कम्पनी: MT'M ABAJWR शहर: QATAR,DOHA
पूर्व स्वीकृत मिति: २०८२/०४/०९ चलानी नं.: ६०२४१६१० L.T. No.: 327326

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/ Dishwasher | 3 | 0 | | 1000 | ३७,८५० | | | | | | | |
| 3. | Shwarma Maker | 2 | 0 | | 1400 | ५२,९९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १७ गते (2 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Perfect Recruiting Service Pvt. Ltd.** श्रम इजाजत पत्र नं. ५५३/०६७/०६८
Prayas Nagar, Tokha-7, Kathmandu, Nepal, Tel : 014950764, 014987640
Email: info.perfectrecruiting@gmail.com, www.perfectrecruiting.com.np.



**मलेसिया र युएईमा रोजगार** कम्पनी: BS FROZEN & FRESH MART SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०४/०९ चलानी नं.: ६०२४१६०१ L.T. No.:327769

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 5 | 0 | स. काममा दक्ष | 1700 | ५५,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: KHYBER EAGLE TECHNICAL SERVICES EST. शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०१/११ चलानी नं.: ६०२३६५६० L.T. No.:322498 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Layer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Spray Painter | 1 | 0 | | 1200 | ४५,०७२ | | | | | | | |
| 3. | Helper | 6 | 0 | | 800 | ३०,०४८ | | | | | | | |

